# प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश

विराटनगर

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

## प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

| | | संशोधन मिति |
|---|---|---|
| १. | प्रदेश समपूरक अनुदान सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७६ | २०७६।०७।२१ |
| २. | प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ | २०७९।१२।१३ |

**प्रस्तावना** : प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम समपूरक अनुदान प्रदान गर्न प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद–१
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले [1]कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ङ) "समपूरक अनुदान" भन्नाले प्रदेश नं. १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

[2](च) "समिति" भन्नाले दफा ८(क) बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति सम्झनु पर्छ।

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्र तथा आधारहरु:** (१) प्रदेश सरकारले स्थानीय तहबाट सञ्चालन गरिने देहायका पूर्वाधार विकास सम्वन्धी आयोजना/कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गर्न सक्नेछ :-

[1] दोस्रो संशोधनबाट संशोधित

[2] प्रथम संशोधनबाट थप

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

(क) सडक सम्बन्धी आयोजना/कार्यक्रमहरुमा स्थानीय तहको सदरमुकामबाट वडाको केन्द्रसम्म जोड्ने सडक तथा गाउँ वस्तीबाट हाटबजार पुग्ने खालका ग्रामिण सडक, आकाशेपुल तथा पदमार्ग सम्बन्धी आयोजना/कार्यक्रम,

(ख) खानेपानी सुविधाबाट बञ्चित रहेका क्षेत्र वा समुदायमा खानेपानी सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने खानेपानी तथा सरसफाई आयोजना/कार्यक्रम,

(ग) विद्युत सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायमा बिद्युत सेवा सुविधा उपलब्ध गराउने आयोजना/कार्यक्रम

(घ) स्थानीय स्तरका सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय तथा अन्य विद्यालय भवन निर्माण तथा पर्यटकीय पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुमा आफ्नै विद्यालय भवन नभएका, भाडामा लिई सञ्चालन भैरहेका तथा स्थानीय निकायका व्यक्ति वा संस्थाबाट त्यस्तो संस्थाको नाममा निःशुल्क जग्गा प्राप्त हुन सक्ने र कूल लागतको केहि अंश निजी क्षेत्र, संघ संस्थाबाट समेत व्यहोर्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) पुलपुलेसा तथा झोलुङ्गे पुल नभएको कारणबाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुविधा पुऱ्याउनको लागि सञ्चालन गरिने पूल तथा झोलुङ्गे पुल सम्बन्धी आयोजना/कार्यक्रम,

(च) सिंचाई सम्बन्धी आयोजना/कार्यक्रमहरुमा सिंचाईको सम्भाव्यता भएका तर सिंचाई सुविधा नपुगेको कारणले उत्पादन हुन नसकी खाद्यान्न अभावको समस्या भोगेका क्षेत्रमा सिंचाई आयोजना उपलव्ध गराई उत्पादन बृद्धिमा सहयोग पुऱ्याउने स्थानीय स्तरमा संचालन गरिने सिंचाई सम्बन्धी विशेष आयोजना/कार्यक्रमहरु,

(छ) पर्यटन, खेलकुद जस्ता पूर्वाधार विकासको क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका क्षेत्र,

(ज) [३]स्थानीय तह मातहत रहने स्वास्थ्य संस्थासँग सम्बन्धित पूर्वाधार निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

---

[३] दोस्रो संशोधनबाट थप



आर्थिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(झ) [४]स्थानीय तहको प्रशासनिक भवन तथा वडा कार्यालय रहने भवन निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(ञ) [५]विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण सम्बन्धी आयोजना/ कार्यक्रम,

(ट) [६]प्रदेश र स्थानीय तहबीच तथा अन्तर स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम।

(ठ) [७]गाउँ/शहरमा रोजगारी प्रवर्द्धन, उत्पादन बृद्धि, सौन्दर्यकरण तथा राजश्व बृद्धिमा सहयोग पुग्ने आयोजना/कार्यक्रम"

(२) उपदफा (१) वमोजिम समपूरक अनुदान प्रदान गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्कको अवस्था, आर्थिक पछौटेपन लगायतका विषयलाई समेत आधार लिनु पर्नेछ।

[८](३) स्थानीय तहले समपूरक अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत अनुमान र सम्पन्न हुने अवधि अनुसूची ३ बमोजिम हुनेगरी गर्नुपर्नेछ।

४. **समपूरक अनुदान प्रदान गरिने ढाँचाहरु** : (१) पुर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रमहरुमा स्थानीय तहले समपूरक अनुदान माग गर्दा दफा ३ मा उल्लेख भएका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा माग गर्न सक्नेछन।

(२) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दीगोपना आदिको आधारमा [९]कूल लागतको बढीमा पैसट्ठी प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्नेछ। साथै स्थानीय तहले आयोजनाको कूल लागत जुटाउन देहायका विभिन्न ढाँचामध्ये कुनै ढाँचा अपनाउन सक्नेछन् :-

(क) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

[४] दोस्रो संशोधनबाट थप
[५] दोस्रो संशोधनबाट थप
[६] दोस्रो संशोधनबाट थप
[७] दोस्रो संशोधनबाट थप
[८] दोस्रो संशोधनबाट थप
[९] दोस्रो संशोधनबाट संशोधित

(ख) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्था, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(ग) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश आयोजना वा कार्यक्रमबाट लाभान्वित पक्षबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(घ) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश जनश्रमदान वा जनसहभागिताबाट व्यहोर्ने, केही अंश विभिन्न व्यक्ति, सँगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने वस्तुगत अनुदानबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(ङ) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट प्रचलित कानून बमोजिम प्राप्त हुने सहयोगबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(च) आयोजना/कार्यक्रमको कूल लागतको केही अंश नेपाल सरकारको स्वीकृतीमा प्राप्त वैदेशिक अनुदानबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने।

[१०](३) प्रदेश र स्थानीय तह वा प्रदेश र एक भन्दा बढी स्थानीय तहको पचास पचास प्रतिशतको संयुक्त लगानीमा कार्यान्वयन गर्ने आयोजना/कार्यक्रममा अनसूची ३ मा तोकिएको लागत अनुमान सीमा भन्दा थप रकम विनियोजन गर्न सकिनेछ।

**५. समपूरक अनुदान प्रदान नहुने** : (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका आयोजना/कार्यक्रमका लागि समपूरक अनुदान उपलव्ध गराइने छैन :-

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य परिपूर्ति हुने प्रकृतिका आयोजना/कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भूक्तानीका आयोजना/कार्यक्रम,

[१०] दोस्रो संशोधनबाट थप

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना/कार्यक्रम,

(ङ) घाटा बजेट पूर्ति गर्ने आयोजना/कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालका आयोजना/कार्यक्रम,

(छ) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रममा दोहोरो पर्ने गरी माग भएका आयोजना/कार्यक्रम,

(ज) कूल लागत रु. पचास लाख भन्दा कम भएका आयोजना/कार्यक्रम

६. **आयोजना/कार्यक्रम छनौटः** (१) स्थानीय तहले समपूरक अनुदानबाट संचालन गर्ने आयोजना/कार्यक्रमको छनौट गर्दा ऐनको दफा ६ उपदफा २ को व्यवस्था अनुसार भौतिक पूर्वाधारका क्षेत्रहरु जस्तो सडक, सिंचाई, खानेपानी, पर्यटन, खेलकुद, पुलपुलेसा तथा झोलुङ्गे पुल लगायतका क्षेत्रसँग सम्बन्धित आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना/कार्यक्रम छनौट गर्दा स्थानीय तहको आफ्नै स्रोतबाट तथा समानीकरण, ससर्त र विशेष अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम तथा विगतमा सम्पन्न भएका आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(३) आयोजना/कार्यक्रमको छनौट गर्दा त्यसको आवश्यकता, औचित्यता, दीगोपना, सोबाट लाभान्वित हुने सम्भाव्य जनसंख्याको प्रतिशत तथा प्राप्त हुने उपलब्धीको ठोस आंकलन आदिको विश्लेषण गर्नु पर्नेछ।

(४) आयोजना/कार्यक्रमको छनौट गर्दा [११]स्थानीय तहको सभाको निर्णय वा कार्यपालिकाको बैठकको निर्णय बमोजिम गर्नु पर्नेछ।

(५) आयोजना/कार्यक्रमको छनौट गर्दा सम्बन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिबी कम गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने किसिमले छनौट गर्नु पर्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

---

[११] दोस्रो संशोधनबाट संशोधित

[12]७. **प्रस्ताव पेश गर्नुपर्नेः** (१) स्थानीय तहले दफा ३ बमोजिमको क्षेत्रमा आगामी आर्थिक बर्षको लागि समपूरक अनुदान आवश्यक पर्ने भए प्रत्येक आर्थिक बर्षको चैत्र मसान्त भित्र अनुसूची १ बमोजिमको ढाँचामा देहायका विषयहरु खुलाई मन्त्रालय समक्ष निवेदन पेश गर्नुपर्नेछ।

[13]तर चालु आ.व. २०७९/८० को हकमा बैशाख १५ गते सम्ममा स्थानीय तहले प्रस्ताव पेश गर्न बाधा पर्ने छैन।

(क) आयोजना/कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) आयोजना/कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(ग) आयोजना/कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान विवरण,

(घ) आयोजना/कार्यक्रमको लाभ लागत विश्लेषण विवरण,

(ङ) आयोजना/कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(च) आयोजना/कार्यक्रम सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापन योग्य विवरण,

(छ) आयोजना/कार्यक्रम संचालन नगर्दा पुग्न सक्ने हानी नोक्सानीको विश्लेषण,

(ज) आयोजना/कार्यक्रम संचालनबाट श्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(झ) आयोजना/कार्यक्रमको वातावरणीय प्रभाव मूल्याङ्कन/वातावरणीय परिक्षण प्रतिवेदन।

[14](ञ) आयोजना/कार्यक्रमको कूल लागत मध्ये प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण।

[15](ट) निजी क्षेत्र वा अन्य क्षेत्र समेतको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा।

आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश

---

[12] प्रथम संशोधनबाट संशोधित

[13] दोस्रो संशोधनबाट संशोधिन

[14] प्रथम संशोधनबाट थप

[15] प्रथम संशोधनबाट थप

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा प्रचलित कानून अनुसार मध्यकालिन खर्च संरचनामा सो अनुदान प्रदान गरिने आयोजना/कार्यक्रम समावेश भएको हुनु पर्दछ।

[१६](३).....

[१७](४) उपदफा (१) बमोजिम समपूरक अनुदान माग गर्दा आयोजना/कार्यक्रमको कुल लागत रकममध्ये स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधार समेत पेश गर्नु पर्नेछ।

[१८](५) मन्त्रालयले प्रत्येक वर्ष फाल्गुण मसान्तभित्र सूचना प्रकाशन गरी स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपुरक अनुदानमा सञ्चालन गर्ने आयोजना/कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

तर चालु आर्थिक वर्ष २०७९।०८० को हकमा चैत्र १५ गते सम्ममा मन्त्रालयले सूचना प्रकाशन गरि प्रस्ताव माग गर्न सक्नेछ।"

[१९](६) स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना/कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची- १ बमोजिमको ढाँचामा तथा मन्त्रालयले तोकेको विद्युतीय प्रणालीमा समेत मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

[२०](७) समपुरक अनुदान सम्बन्धी प्रस्ताव माग गर्दा मन्त्रालयले प्रदेशको स्रोत साधनको अवस्था अनुसार आयोजनाको संख्या निर्धारण गर्न सक्नेछ।

[२१] (८) स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना/कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ।

[२२](९) स्थानीय तहले क्रमागत आयोजना/कार्यक्रमको प्रस्ताव गर्दा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण अनिवार्य रूपमा मन्त्रालयले तोकेको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

८. **आवधिक योजनामा समावेश गर्नु पर्ने**: स्थानीय तहले समपूरक अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रमलाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

---

[१६] प्रथम संशोधनबाट झिकिएको

[१७] प्रथम संशोधनबाट थप

[१८] दोस्रो संशोधनबाट थप

[१९] दोस्रो संशोधनबाट थप

[२०] दोस्रो संशोधनबाट थप

[२१] दोस्रो संशोधनबाट थप

[२२] दोस्रो संशोधनबाट थप

[२३]**८(क). <u>आयोजना/कार्यक्रम छनौट समितिः</u>** (१) समपूरक अनुदानबाट आयोजना/कार्यक्रम सञ्चालन गर्न दफा (७) बमोजिमको प्रक्रिया पुरा गरी स्थानीय तहबाट प्रस्ताव भई आएका आयोजना/ कार्यक्रमको सम्बन्धमा आवश्यक छानविन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको आयोजना/कार्यक्रम छनौट समिति रहनेछ ।

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

(ख) प्रमुख, सम्बन्धित महाशाखा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय -सदस्य

[२४](ग) <u>प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको उपसचिव वा अधिकृतस्तर नवौं वा दशौं तहको अधिकृत</u> -सदस्य

(घ) उपसचिव, प्रदेश योजना आयोग -सदस्य

(ङ) प्रमुख, बजेट, आयोजना/कार्यक्रम महाशाखा - सदस्य-सचिव

(२) समितिले आवश्यक विज्ञ/कर्मचारीलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले देहायका आधारमा आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ।

(क) आयोजना/कार्यक्रमको संभाव्यता, कुल लागत अनुमान, आयोजना/कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त हुने उपलब्धि, प्रतिफल वा लाभ,

(ख) जनताको आयस्तर र रोजगरी बृद्धि गरी गरीबी निवारणमा योगदान पुग्ने,

(ग) निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्था, उपभोक्ता समिति वा लाभग्राहि समूह, संगठित संस्था र अन्य क्षेत्रसंगको साझेदारी र सहकार्यमा कार्यान्वयन गरिने भए त्यस्तो सहकार्य दिगो र भरपर्दो देखिएको।

(घ) स्थानीय तहको योगदानको हिस्सा बढि भएको,

(ङ) स्थानीय सीप, साधन, र श्रोतको अधिकतम उपयोग हुने।

(४) समितिले दफा ३, ४ र ५ लाई समेत आधार मानि समपूरक अनुदानबाट कार्यान्वयन गरिने आयोजना/कार्यक्रम छनौट गरी सिफारिस गर्नु पर्नेछ ।

[२५]**८(ख) <u>मन्त्रालयले समपूरक अनुदान प्रदान गर्नेः</u>** मन्त्रालयले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनका लागि दफा ४ बमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

---

[२३] प्रथम संशोधनबाट थप

[२४] दोस्रो संशोधनबाट संशोधित

[२५] प्रथम संशोधनबाट थप

९. **<u>अनुदान रकम खर्च गर्ने विधि र प्रकृया</u>**: (१) स्थानीय तहले समपूरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रकृया अपनाउनु पर्नेछ :-

(क) समपूरक अनुदान तीन किस्तामा उपलब्ध गराईनेछ र यो रकम जुन आयोजना/कार्यक्रमको लागि प्राप्त भएको हो सोहि आयोजना/कार्यक्रममा सो रकम खर्च गर्नु पर्नेछ,

(ख) स्थानीय तहले प्राप्त गर्ने समपूरक अनुदान बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ,

(ग) समपूरक अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ। साथै यस्तो अनुदानको रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन,

[२६](घ) <u>समपुरक अनुदान अन्तर्गत सञ्चान हुने गरी छनौट भएको आयोजना/ कार्यक्रमको लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण गर्न, आयोजना कार्यक्रमको नाम, क्रियकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन,</u>

(ङ) समपूरक अनुदानबाट प्राप्त रकम आयोजना एवं कार्यक्रम सम्पन्न गर्नु पर्ने तोकिएको समयावधि भित्र खर्च गरिसक्नु पर्नेछ,

(च) समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको लागि अनुदान रकम हस्तान्तरण गर्दा आयोजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा गरिने छ,

(छ) समपूरक अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्ने छ।

(२) समपूरक अनुदानबाट संचालनमा रहेका आयोजना/कार्यक्रमबाट सो आयोजना/कार्यक्रम लक्षित उद्देश्य अनुरुप सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो अनुदान वापत उपलव्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्ने छ।

[२७](३).....

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

---

[२६] दोस्रो संशोधनबाट संशोधित

[२७] प्रथम संशोधनबाट झिकिएको

१०. **<u>आयोजनाको कार्य तोकिएको समयावधी भित्र सम्पन्न गर्नु पर्ने</u>** : समपूरक अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम तोकिएको समय अवधिभित्र सम्पन्न गरी सक्नु पर्नेछ।

११. **<u>आयोजना/कार्यक्रम संचालन र कार्यान्वयन</u>** : (१) आयोजना/कार्यक्रम संचालन गर्दा सो को पारदर्शी, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) आयोजना/कार्यक्रमको ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक गर्नको लागि ई-विडिङ अपनाउन सक्नेछ र बिल भूक्तानी दिइँदा बैङ्किङ प्रणालीको प्रयोग गरी भुक्तानी दिनु पर्नेछ।

(३) आयोजना/कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। सो को लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समूदाय तथा सार्वजनिक सुनुवाई मार्फत् समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ।

(४) आयोजना/कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचकहरु बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमा नै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सो को छानविन गरी आवश्यक कारवाही अघि बढाउने छ ।

(५) समपुरक अनुदानमा सञ्चालन गरिने परियोजनामा कन्टिन्जेन्सी बापत लागतको दुइ प्रतिशत भन्दा बढी राख्न पाइने छैन।

[२८](६) निर्माण हुने भौतिक संरचना अपाङ्गतामैत्री र बालमैत्री हुनु पर्नेछ ।

१२. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>** : (१) समपूरक अनुदानबाट संचालन हुने आयोजना/कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको उपप्रमुखको अध्यक्षतामा रहने योजना कार्यक्रम अनुगमन समितिले नियमित रुपमा अनुगमन गरि प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) समपूरक अनुदानबाट स्थानीय तहले संचालन गरेका आयोजना/कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न देहायको अनुगमन समिति रहनेछः

(क) आयोजना/कार्यक्रम कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभामा निर्वाचित सदस्य -अध्यक्ष

(ख) आयोजना/कार्यक्रम कार्यान्वयन हुने निर्वाचन क्षेत्रको कुनै स्थानीय तहमा मतदाता

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

---

[२८] प्रथम संशोधनबाट थप

नामावलीमा नाम भएको प्रदेश सभाको समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) आयोजना/कार्यक्रम विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको एक प्राविधिक -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको अनुगमन समितिले अनुगमन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको अनुगमन कार्य गर्दा कुनै खर्च आवश्यक पर्ने भएमा त्यो खर्च परियोजनाको कन्टिन्जेन्सीबाट व्यहोरिनेछ।

**१३.** **<u>प्रतिवेदन गर्नुपर्ने</u>**: सबै स्थानीय तहले आफ्नो क्षेत्रमा समपूरक अनुदानबाट संचालित आयोजना/कार्यक्रमहरुको दफा १२ को उपदफा (१) बमोजिम प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा मन्त्रालय समक्ष अनुसूची २ बमोजिम ढाँचामा पेश गर्नु पर्नेछ।

**१४.** **<u>समपूरक अनुदान रोक्का हुन सक्ने</u>**: (१) स्थानीय तहले संचालित आयोजना/कार्यक्रमहरुको दफा १२ को उपदफा (१) बमोजिम अनुगमन र दफा १३ बमोजिम प्रतिवेदन पेश नगरेमा वा तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा र सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा र सो मन्त्रालयलाई उपयुक्त लागेमा उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ।

(३) दफा १२ को उपदफा (२) बमोजिम गठन भएको अनुगमन समितिले पेश गरेको प्रतिवेदनको आधारमा समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्देश्य पूर्ति हुन नसकेको पाइएमा सो स्थानीय तहलाई आगामी वर्षमा प्रदेश सरकारले दिने अनुदान रोक्का गर्न सक्नेछ।

**१५.** **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

[29]**१५क. बाधा अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि अनुसार आयोजना/कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा वा द्विविधा परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

[30]**१५ख. अनुसूचीमा हेरफेर गर्न सक्नेः** आवश्यकता अनुसार मन्त्रालयले अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

[29] दोस्रो संशोधनबाट थप
[30] दोस्रो संशोधनबाट थप

## <u>अनुसूची १</u>

(कार्यविधिको नियम ७ उपदफा (१) सँग सम्बन्धित)

## <u>समपूरक अनुदान माग गर्ने निवेदन</u>

अनुदान माग गर्ने स्थानीय तहको

नाम :

जिल्ला :

वडा नं. :

फोन, फ्याक्स र इमेल :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :

कार्यक्रम वा आयोजनाको कूल लागत रु. :

कूल लागतमा स्थानीय तहको अनुपात रकम :

अन्य, निजी तथा गैर सरकारी क्षेत्रको अनुपात रकम :

प्रदेश सरकारले व्यहोर्ने रकम :

संलग्न आवश्यक कागजातहरु :

१. ..............................

२. ..............................

३. ..............................

**<u>दस्तखत :</u>**

नाम :

पद :

मिति :

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

## <u>अनुसूची-२</u>

(दफा १३ सँग सम्बन्धित)

### प्रगति प्रतिवेदनको ढाँचा

आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं:

| क.सं. | आयोजना/ कार्यक्रमको **नाम** | **कार्यक्रम सञ्चालन भएको स्थान** | **स्वीकृत बजेट** | **..........अवधिको लक्ष्य** | | **............ अवधिको प्रगति** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **भौतिक** | **वित्तीय** | **भौतिक** | **वित्तीय** | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश

## [३१]अनुसूची ३

(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

समपूरक अनुदान अन्तर्गत स्थानीय तहले आयोजना/कार्यक्रम प्रस्ताव गर्ने सीमा

| सि.नं. | स्थानीय तहको किसिम | सालबसाली आयोजना/कार्यक्रम | दुई वर्षिय आयोजना/कार्यक्रम |
|---|---|---|---|
| १. | गाउँपालिका | पचास लाख रुपैयाँ देखि एक करोड पचास लाख रुपैयाँ सम्म | एक करोड रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म |
| २. | नगरपालिका | पचहत्तर लाख रुपैयाँ देखि दुई करोड रुपैयाँ सम्म | एक करोड पचास लाख रुपैयाँ देखि चार करोड रुपैयाँ सम्म |
| ३. | उप महानगरपालिका/ महानगरपालिका | एक करोड रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म | दुई करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म |

❑ ❑ ❑

आर्थिक मामिला तथा योजना मन्त्रालय केन्द्रीय

[३१] दोस्रो संशोधनबाट थप